READ Nepal
Inspiring Rural Prosperity

PRACTICAL ACTION
Technology challenging poverty

संक्षिप्त प्राविधिक ज्ञान

# रिपिट ब्रिडर्स

रिपिट ब्रिडर्स गाई भैंसीलाई, साँढे वा राँगो लगाएपछि वा कृत्रिम गर्भाधान गरेपछि गर्भ नरहनु र बराबर उल्टिराख्ने अवस्थामा पशुलाई रिपिट ब्रिडर्स भनिन्छ ।



*चित्र. गाईको गोठ*

## कारण

- पाठेघरको सङ्क्रमण (९०% पाठेघरको सङ्क्रमणबाट )
- पोषणयुक्त आहारको कमी
- हर्मोनको कमी
- आन्तरिक परजीवी
- वीर्यको गुणस्तरमा कमी
- कृत्रिम गर्भाधान गर्ने प्राविधिक दक्ष नहुनु

## उपचार

- लुगोल्स सलुसन जस्तै वोकाडिन, बेटाडिन, पोभिडिन मध्ये कुनै एक १५ एम. एल मा बराबर भाग डिस्टिलड वाटर मिसाई तीन दिनसम्म कृत्रिम गर्भाधान गर्ने उपकरणको सहायताले पाठेघरमा राख्दा प्रभावकारी भएको पाइन्छ र साथ-साथै मिनरल मिक्सचर ५० ग्राम दैनिक २ हप्तासम्म खान दिने ।
- जेन्टामाइसिन इन्जेक्सन ५ एम. एल बरावर भागमा डिस्टिलड वाटर मिसाई कृत्रिम गर्भाधान वा राँगो, साँढे लगाउनु ४-८ घण्टा पहिले पाठेघरमा राख्ने र कृत्रिम गर्भाधान गरेको २४ घण्टा पछाडी दोहोऱ्याउँदा प्रभावकारी भएको पाइन्छ ।
- पाठेघरको संक्रमण नभएको अवस्थामा गोनाडोट्रोपिन हर्मोन २-५ एम. एल. मासुमा सुई दिनाले शत प्रतिशत प्रभावकारी हुने गर्छ ।

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*

- भिटामिन -सी (Vitamin-c) १-२ ग्राम नशामा तथा २ ग्राम छालामुनी दिनाले प्रभावकारी भएको पाइन्छ ।
- नाम्ले जुका विरुद्धका प्रभावकारी औषधी रेफोक्सानाइड, ट्राइक्यालवेण्डाजोल , अबलेन्डाजोल मध्ये कुनै एकको प्रयोग गर्ने ।
- भिटामिन ए, ई, तथा फोस्फोरस इन्जेक्सनको प्रयोग हप्ताको २ पटक मासुमा २ हप्तासम्म दिँदा प्रभावकारी हुने गर्दछ ।
- भिटामिन ई तथा सेलेनियम सुई १ एम. एल. प्रति २५ किलो शारीरिक तौल अनुसार हप्ताको २ पटक मासुमा, २-३ हप्तासम्म सुई दिँदा प्रभावकारी भएको पाइन्छ ।
- फ्युरिया बोलस १ गोली १५ एम. एल. डिस्टिलड वाटरमा घोली पाठेघरमा ३ दिनसम्म राख्ने अथवा फ्युरासोल लिक्विड २०-३० एम. एल. ३ दिनसम्म राख्नाले राम्रो भएको पाइन्छ ।
- प्रोकेनपेनिसिलिन फोर्टिफाइड २० लाख युनिट तथा मेट्रोनिडाजोल ०.५ ग्राम करिब २० एम. एल. डिस्टिलड वाटरमा मिसाई कृत्रिम गर्भाधान गर्ने उपकरणले पाठेघरमा ३-५ दिनसम्म राख्दा उल्टिराख्ने रोगमा प्रभावकारी हुन्छ ।
- कोनामाइसिन १ ग्राम १५ एम. एल. डिस्टिलड वाटरमा घोली ३ दिनसम्म पाठेघरमा राख्ने, सेफालेक्सिन २० ग्राम पाउडरलाई २० एम. एल.डिस्टिलड वाटरमा घोली पाठेघरमा ३ दिनसम्म राख्दा प्रभावकारी हुने गर्छ ।

*(स्रोत: कृषक र प्रविधि– माघ/२०७०)*

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*